# मिति २०७८/१२/१६गते बुधबार १२० औं कार्यपालिका बैठक

प्रस्तावहरु:

१. अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।

२. घोराही उपमहानगरपालिकाको आ.व. २०७८/०७९को दोस्रो चौमासिक प्रगति प्रतिवेदन तथा नगरस्तरीय सार्वजनिक सुनुवाई प्रतिवेदन अनुमोदन सम्बन्धमा ।

३. प्रदेश समपुरक तथा विशेष अनुदानमा संचालन हुने आयोजना माग सम्बन्धमा ।

४. राजश्व परामर्श समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।

५. बाल मैत्री नगर घोषणा सम्बन्धमा ।

६. आर्थिक सहयोग सम्बन्धमा ।

   ६.१ दोस्रो लक्ष्मण डाँगी स्मृति कप अन्तर विद्यालय फुटबल प्रतियोगिता सञ्चालनका लागि सहयोऊ ।

   ६.२ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालनका लागि थप रकम उपलब्ध गराउने सम्बन्धमा ।

   ६.३ नेपाल सितोरियो कराते संघ दाङलाई आर्थिक सहयोग ।

   ६.४ बि.बि.ए कप फुटवल टुर्नामेन्टमा टिम दर्ताका लागि आर्थिक सहयोग सम्बन्धमा ।

   ६.५ विरेन्द्र बहुमुखी क्याम्पसमा अध्ययनरत छात्र गोविन्द बस्नेतलाई भौतिक शास्त्रमा शोधपत्र कार्यका लागि आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

   ६.६ करार सेवामा कार्यरत सव ईन्जिनियर मदन गिरीलाई उपचार खर्च।

   ६.७ प्रगतिशील लेखक संघलाई बहिङ्गा पुस्तक प्रकाशनका लागि आर्थिक सहयोग ।

   ६.८ नेपाल भूमिहिन सुकुम्बासी संगठन जिल्ला कार्यसमिति दाङलाई महाधिवेशनका लागि आर्थिक सहयोग सम्बन्धमा ।

   ६.९ वडा नं. ९ वस्ने चनक बहादुर चौधरी मृगौला रोगको उपचार खर्च ।

   ६.१० नेपाल मगर संग केन्द्रीय समितिको महाधिवेशन सञ्चालनका लागि आर्थिक सहयोग ।

७. विज्ञान पार्क निर्माण सम्बन्धमा ।

८. वडा नं. १९ सितलीमाया पुतलीमाया मन्दिर संरक्षणको भुक्तानी सम्बन्धमा ।

९. कार्यविधि/निर्देशिका पारित सम्बन्धमा ।

१०. लागत सहभागितामा संचालन हुने योजना कार्यान्वयन हुने स्थानको त्रुटी सच्याउने सम्बन्धमा ।

११. ह्युमपाइप खरिद सम्बन्धमा ।

१२. नगर शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

१३. योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा ।

१४. वडा अध्यक्षबाट हुने सिफारिस सम्बन्धी कामकारवाहीका सम्बन्धमा ।

**निर्णय नं. १**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समिक्षा गरियो ।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिकाको आ.व. २०७८/०७९को दोस्रो चौमासिक प्रगति प्रतिवेदन तथा नगरस्तरीय सार्वजनिक सुनुवाई प्रतिवेदन अनुमोदन गर्ने ।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिकामा आ.व. २०७९/०८०का लागि प्रदेश सरकारको समपुरक तथा विशेष अनुदान सहायता अन्तर्गत संचालन गर्न तपसिल बमोजिम प्राथमिकताक्रम निर्धारण गरी समपुरक अनुदान सम्बन्धी कार्यविधि २०७६ को अनुसूची-१ तथा विशेष अनुदान सम्बन्धी कार्यविधि २०७६ को अनुसुची १ बमोजिमको ढाँचामा प्रदेश सरकारमा आयोजना माग गर्ने ।

**तपसिलः**

(क) समपुरक अनुदानमा सञ्चालन गरिने आयोजनाहरु

१. भैसाही चोकदेखि वडा नं. ४को वडा कार्यालयसम्म सडक पिच
२. दामोदर चोकदेखि आर्मी व्यारेकसम्म सडक पिच
३. घोराही चोकदेखि गुलरिया पार्कसम्म सडक पिच
४. सडक विभागदेखि भिङ्ग्रेली चोकसम्म सडक पिच
५. गैरागाउँ चोकदेखि कर्जाहीसम्म सडक पिच

(ख) विशेष अनुदानमा सञ्चालन गरिने आयोजनाहरु

१. घोराही उपमहानगरपालिकामा सर्प दंश केन्द्र स्थापना
२. स्वास्थ्य चौकी भवन निर्माण वडा नं. १६
३. स्वास्थ्य चौकी भवन निर्माण वडा नं. १२

**निर्णय नं. ४**

चालु आ.व. २०७८/०७९को लागि IEE भई नदिजन्य पदार्थ उत्खनन तथा आन्तरिक बिक्रिका लागि रामकृष्ण निर्माण सेवाको नाममा स्वीकृत आय ठेक्का नं. ३२/०७८/०७९ सिस्ने खोला भैसाही कुलोको बाँधबाट २०० मी. दक्षिणदेखि वि.पि. राजमार्ग २०० मी. उत्तरसम्मको क्षेत्र, सोहन निर्माण सेवाको नाममा स्वीकृत आय ठेक्का नं. १०/०७८/०७९ सेवार कच्वेदेखि उत्तर वृद्धाश्रमसम्मको क्षेत्र र राजन निर्माण सेवाको नाममा स्वीकृत आय ठेक्का नं. ११/०७८/०७९ सेवार खोला कच्वेदेखि दक्षिण गुर्जेखोला दोभानसम्मको क्षेत्रमा नदिजन्य पदार्थ उठाउन रोकीपाउ भनि स्थानीय बासीहरुबाट निवेदन प्राप्त भएकोले उक्त ठेक्का रद्द गरी राजन निर्माण सेवाले यस कार्यालयमा बुझाएको राजश्व वापतको रकम रु. ७,५०,०००।– (सात लाख पचास हजार मात्र) घोराही उपमहानगरपालिकाको अन्य फिर्ता शीर्षकबाट दिने ।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकालाई बालमैत्री नगर घोषणा गर्ने कार्ययोजना अनुसार बालमैत्री नगर घोषणाका लागि प्रदेश सरकार लुम्बिनी प्रदेश मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. शा.सु./१९८ मिति २०७८।१२।१५ गतेको प्राप्त पत्रअनुसार बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८को दफा १३ सँग सम्बन्धीत अनुसुची-२ को (ख), बुँदा नं. १० बमोजिम घोषणा गर्न स्वीकृत समेत प्राप्त भईसकेकोले मिति २०७८ साल चैत्र महिनाको २३ गते यस घोराही उपमहानगरपालिकालाई एक विशेष कार्यक्रमको आयोजना गरी बालमैत्री नगर घोषणा गर्ने ।

**निर्णय नं. ६**

६.१ मिति २०७८ फाल्गुन १२ गतेदेखि २१ गतेसम्म दोस्रो लक्ष्मण डाँगी स्मृति कप अन्तर विद्यालय फुलबल प्रतियोगिता दाङ घोराही स्थित भरतपुर खेल मैदानमा हुन गइरहेकोले उक्त प्रतियोगिता सफल पार्नको लागि वेस्ट नेपाल फुटबल एकेडेमी घोराही दाङको च.नं. ३५ मिति २०७८।११।११ गतेको पत्रबाट आर्थिक सहयोगको माग भई आएकोले सहयोग स्वरुप रु.७५०००।– घोराही उपमहानगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गत रहेको उपमेयर कप भलिबल मावि स्तर शीर्षकबाट खर्च हुने गरी दिने ।

६.२ श्री माध्यामिक विद्यालय रझेना घोराही दाङको आयोजनामा मिति २०७८ फाल्गुन १८ गतेदेखि २१ गतेसम्म सञ्चालन भएको घोराही उपमहानगरपालिका स्तरीय १४औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा ६ लाख खर्च भएको हुँदा उक्त प्रतियोगिताका लागि केही रकम सहयोग गरिदिनुहुन भनि विद्यालयको च.नं. ३८९ मिति २०७८।१२।०६को पत्रबाट अनुरोध भई आएकोले प्रतियोगिताका लागि सहयोग स्वरुप रकम रु. १५००००।– (एक लाख पचास हजार) घोराही उपमहानगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गत रहेको उपमेयर कप भलिबल मावि स्तर शीर्षकबाट उपलब्ध गराउने ।

६.३ मिति २०७८।१२।१५ र १६ गते काठमाण्डौमा हुन गइरहेको सितोरियो कराते प्रतियोगितामा जानुपर्ने भएकोले उक्त प्रतियोगितामा काठमाण्डौ जान र आउन लाग्ने खर्चका लागि सहयोग गरिदिनुहुन भनि नेपाल सितोरियो कराते संघ दाङको च.नं. १०-०७८/०७९ मिति २०७८।१२।०७ गतेको पत्रबाट अनुरोध भई आएकोले उक्त प्रतियोगितामा खेलाडीहरुलाई काठमाण्डौ जान आउनका लागि आवश्यक खर्च सहयोग स्वरुप रकम रु. ५००००।– (पचास हजार) घोराही उपमहानगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गत रहेको उपमेयर कप भलिबल मावि स्तर शीर्षकबाट उपलब्ध गराउने ।

६.४ महेन्द्र बहुमुखी क्याम्पस धरानको आयोजनामा मिति २०७८।१२।१५ गतेदेखि संचालन हुने BBA cup Football Tournament प्रतियोगितामा यस महेन्द्र बहुमुखी क्याम्पस दाङको सहभागिता हुने भएकोले टिम दर्ताका लागि आवश्यक रकम सहयोग स्वरुप उपलब्ध गराइदिनुहुन भनि महेन्द्र बहुमुखी क्याम्पस दाङको च.नं. ५६९/२०७८/०७९, मिति २०७८।१२।१३ गतेको पत्रबाट अनुरोध भई आएकोले सहयोग स्वरुप रकम रु.३५०००।– (पैतिस हजार) घोराही उपमहानगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा अन्तर्गत रहेको उपमेयर कप भलिबल मावि स्तर शीर्षकबाट उपलब्ध गराउने ।

६.५ विरेन्द्र बहुमुखी क्याम्पस चितवनमा भौतिक शास्त्र अध्ययनरत छात्र गोविन्द बस्नेत (रोल नं.१९७१/०७३)ले आफ्नो अध्ययनको शोधपत्र कार्य सम्पन्न भई सकेको र उक्त कार्यमा खर्च भएको रकम सहयोग गरिदिनुहुन भनी मिति २०७८।१०।२० गते यस कार्यालयमा निवेदन दिनुभएकोले उहाँलाई शोधपत्र कार्यका लागि रकम रु. २५०००।– (पच्चिस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

६.६ यस घोराही उपमहानगरपालिकामा करार सेवामा कार्यरत सव ईन्जिनियर मदन गिरीले आफ्नो ढाडको नसा च्यापिएर खुट्टा समेत नचल्ने अवस्थामा पुगेर आफु कार्यालयको काममा समेत जान नसक्ने अवस्था रहेकोले कार्यालयबाट तलब समेत प्राप्त हुन नसकेको साथ आफ्नो आर्थिक अवस्था समेत कमजोर रहेकोले उपचारका लागि सहयोग गरिदिनुहुन भनि यस कार्यालयमा निवेदन दिनुभएकोले उहाँलाई उपचार खर्च स्वरुप रु.५०,०००।– (पचास हजार) घोराही उपमहानगरपालिकाको औषधी उपचार खर्च शीर्षकबाट उपलब्ध गराउने ।

६.७ प्रगतिशील लेखक संघ, नेपाल दाङ शाखाले बहिङ्गा (साहित्यक) पुस्तक प्रकाशन गरेको र उक्त पुस्तक प्रकाशनका लागि भएको छपाई खर्च वापतको रकम सहयोग गरिदिनुहुन भनि यस कार्यालयमा निवेदन दिनुभएको र घोराही उपमहानगरपालिकाको पर्यटन तथा संस्कृति प्रबर्द्धन शाखाबाट घोराही उपमहानगरपालिकाको आ.व. २०७८/०७९का लागि पर्यटन तथा संस्कृति प्रबर्द्धन शाखा अन्तर्गत रहेको सि.नं. १२३ शीर्षक कला, साहित्यिक, कार्यक्रम प्रबर्द्धन सहयोग कार्यक्रममा विनियोजित रकमबाट उपलब्ध गराउन उपर्युक्त छ भनि राय पेश भए अनुसार उक्त पुस्तक प्रकाशनका लागि रकम रु. ९९०००।– (उनान्सय हजार) सहयोग स्वरुप उपलब्ध गराउने।

६.८ नेपाल भूमिहिन सुकुम्बासी संगठनको प्रथम राष्ट्रिय महाधिवेशन यही मिति २०७८ साल चैत्र २४ र २५ गते बर्दिया जिल्लाको गुलरियामा हुन गइरहेको हुँदा उक्त्त महाधिवेशनका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि नेपाल भूमिहिन सुकुम्बासी संगठन जिल्ला कार्यसमिति दाङबाट मिति २०७८।१२।१६ गते यस कार्यालयमा निवेदन प्राप्त भएकोले नेपाल भूमिहिन सुकुम्बासी संगठन जिल्ला कार्यसमिति दाङलाई महाधिवेशन सहयोग स्वरुप रकम रु. २५०००।– (पच्चिस हजार मात्र) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

६.९ घोराही उपमहानगरपालिका वडा नं. ९ वस्ने चनक बहादुर चौधरी मृगौला रोगको उपचार गराइरहेको र उहाँको आर्थिक अवस्था निकै कमजोर रहेको हुँदा उहाँलाई उपचारका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि ९ नं. वडा कार्यालकको च.नं. २७६२ मिति २०७८।१२।०८ गतेको सिफारिस पत्रसाथ अनुरोध भई आएकोले उहाँलाई उपचार सहयोग स्वरुप रकम रु. १०,०००।– (दश हजार) घोराही उपमहानगरपालिकाको सामाजिक सुरक्षा शीर्षकबाट उपलब्ध गराउने ।

६.१० नेपाल मगर संघ केन्द्रीय समितिको १२औं राष्ट्रिय महाधिवेशन यही मिति २०७८ चैत्र २५, २६ र २७ गते दाङ घोराहीमा हुने भएको र उक्त कार्यक्रम संचालनका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि नेपाल मगर संघ केन्द्रीय समिति कलंकी काठमाण्डौको च.नं. ४३६ मिति २०७८।१२।११ गतेको पत्रमा अनुरोध भई आएकोले नेपाल मगर संघ केन्द्रीय समिति काठमाण्डौलाई सहयोग महाधिवेशन सहयोग स्वरुप रकम रु.५००००।– (पचास हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिकालाई संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम शसर्त अनुदान अन्तर्गत विज्ञान पार्क निर्माणका लागि रकम रु. १० लाख विनियोजित भएकोमा उक्त योजना कार्यान्वयनका लागि घोराही उपमहानगरपालिका वडा नं. १२ स्थित श्री मा.वि. रतनपुर छनौट गर्ने ।

**निर्णय नं. ८**

घोराही उपमहानगरपालिकाको ११२औं कार्यपालिका बैठकको निर्णय अनुसार वडा नं. १९ स्थित सितलीमाया पुतलीमाया मन्दिर संरक्षणका लागि रकम रु. २०००००।–(दुई लाख मात्र) घोराही उपमहानगरपालिकाबाट उपलब्ध गराउने निर्णय भएकोमा उक्त रकम घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं. ९**

तपसिल बमोजिम का कार्यविधि तथा निर्देशिका पारित गर्ने ।

१. स्थानीय तथा स्वास्थ्य बिमा संयोजन समिति गठन/संचालन कार्यविधि २०७८ ।
२. घोराही उपमहानगरपालिका स्वास्थ्य क्षेत्रको अनुगमन तथा सुपरिवेक्षण निर्देशिका २०७८ ।

**निर्णय नं. १०**

घोराही उपमहानगरपालिकाको मिति २०७८।०६।१० गते लागत सहभागितामा संचालन गरिने योजना सम्बन्धी सूचना अनुसार चालु आ.व. २०७८/०७९ मा १५ प्रतिशत उपभोक्ता समिति र ८५ प्रतिशत घोराही उपमहानगरपालिकाले व्यहोर्ने गरी छनौट भएको योजना वडा नं. ८ पश्चिम सेवार राम बहादुर चौधरीको घरदेखि दलबहादुर चौधरीको घरहुँदै नारायण प्रा.वि.सम्मको बाटो पिच शीर्षकमा रकम रु. ५ लाख विनियोजन भएकोमा उक्त निर्णय प्रतिमा योजना कार्यान्वयन हुने स्थान वडा नं. ८ हुनुपर्नेमा १४ भएकोमा उक्त त्रुटी सच्याइ कार्यान्वयन गर्ने ।

**निर्णय नं. ११**

घोराही उपमहानगरपालिकाका विभिन्न स्थानमा ह्युमपाइप आवश्यक भएको भनि विभिन्न वडाबाट माग भई आएकोमा उक्त स्थानहरुमा स्थलगत निरिक्षण गर्दा ह्युमपाइप राख्न अत्यावश्यक देखिएकोले रु.१० लाखसम्मको ह्युमपाइप घोराही उपमहानगरपालिकाबाट खरिद गरी उपलब्ध गराउने ।

**निर्णय नं. १२**

१२.१ घोराही उपमहानगरपालिका अन्तर्गत संस्थागत विद्यालयहरु मध्ये हिन्दु विद्यापिठ घोराही (निजि गुठी) र मदन भण्डारी मेमोरियल घोराही (सार्वजनिक गुठी) दुवै विद्यालयले कर छुटका लागि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा ति विद्यालयहरुले बुझाउने पर्ने करमा ५० प्रतिशत छुट दिने भनि मिति २०७८।११।२० गते बसेको घोराही उपमहानगरपालिकाको नगर शिक्षा समितिको निर्णय अनुमोदन गर्ने ।

१२.२ घोराही उपमहानगरपालिका भित्र संचालनमा रहेका तपसिल बमाजिमका विद्यालयहरुलाई शैक्षिक वर्ष २०७९ देखि विद्यालय अनुमति, कक्षा थप तथा नाम र स्थान परिवर्तनका लागि अनुमति दिने भनि मिति २०७८।१२।१४ गते बसेको घोराही उपमहानगरपालिकाको नगर शिक्षा समितिको निर्णय अनुमोदन गर्ने ।

**तपसिलः**

**कक्षा थप तथा संकाय थपः**

| सि.नं. | विद्यालयको नाम | ठेगाना | अनुमति माग भएको कक्षा | अनुमति माग भएको संकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | मनकामना अंग्रेजी मा वि | वडा नं. १७ | ११ | व्यवस्थापन | |
| २ | गोदावरी ईङलिस बोर्डिङ | वडा नं. १३ | ११ | शिक्षा | |
| ३ | लाली गुराँस आवासीय मा. वि. | वडा नं. १८ | ११ | शिक्षा | |
| ४ | माध्यमिक विद्यालय झिंगनी बञ्जारी | वडा नं. ३ | ११ | शिक्षा | |
| ५ | मा. वि. लमडरुवा | वडा नं. ११ | ११ | व्यवस्थापन | |
| ६ | सरस्वती माध्यमिक विद्यालय | वडा नं. १५ | १२ | व्यवस्थापन | |
| ७ | नरदेवि मा.वि. तेघरा | वडा नं. ५ | १२ | शिक्षा | |
| ८ | जयशेर माध्यमिक विद्यालय रावतगाउँ | वडा नं. ६ | १२ | व्यवस्थापन र शिक्षा | |
| ९ | बाल विकास मा.वि. घोराही | वडा नं.१४ | ११ | शिक्षा | |
| १० | बाल विकास मा.वि. घोराही | वडा नं.१४ | १२ | व्यवस्थापन | |
| ११ | गुरुकुल एकेडेमी रतनपुर | वडा नं. १५ | १२ | विज्ञान र व्यवस्थापन | |
| १२ | सिद्धरत्ननाथ मा वि नारायणपुर | वडा नं. १० | १२ | विज्ञान | |
| १३ | अल्फा ई. बोर्डिङ स्कुल | वडा नं. १४ | १२ | व्यवस्थापन | |
| १४ | मा वि सौडियार | वडा नं. ७ | ११ | शिक्षा | |
| १५ | मा वि जजरागाउँ | वडा नं. ६ | १२ | व्यवस्थापन | |
| १६ | मनकामना अंग्रेजी मा वि | वडा नं. १७ | ११ | व्यवस्थापन र शिक्षा | |

**कक्षा थपः**

| सि.नं. | विद्यालयको नाम र ठेगाना | किसिम | अनुमती थप कक्षा |
|---|---|---|---|
| १ | हरि ॐ प्राथमिक विद्यालय भैसाप्रथा घोराही ५ | सामुदायिक | कक्षा ४ |
| २ | जनकल्याण प्राथमिक विद्यालय धारापानी घोराही ५ | सामुदायिक | कक्षा ४ |
| ३ | बालहित प्राथमिक विद्यालय पटिञ्जा घोराही १९ | सामुदायिक | कक्षा ४ |
| ४ | प्राथमिक विद्यालय सानी अम्बापुर सर्रा घोराही १६ | सामुदायिक | कक्षा ५ |
| ५ | प्राथमिक विद्यालय भैसाही घोराही १७ | सामुदायिक | कक्षा ६ |
| ६ | मदरसा दारुलहुदा अलसलफिया प्रा वि घोराही १४ | मदरसा | कक्षा ८ |
| ७ | प्राथमिक विद्यालय पेदा घोराही १२ | सामुदायिक | कक्षा ५ |
| ८ | रात्री प्राथमिक विद्यालय शुक्रबार घोराही ०७ | सामुदायिक | कक्षा ५ |
| ९ | गोरखनाथ बैदिक गुरुकुल घोराही १७ | धार्मिक | कक्षा ८ |
| १० | गणेश प्रा वि सेवार बगाले घोराहो १३ | सामुदायिक | कक्षा ४ |

| | संस्थागत विद्यालय | | |
|---|---|---|---|
| १ | श्री सनराइज एकेडेमी घोराही १२ | सस्थागत | कक्षा १० |
| २ | श्री मोडल इ स्कुल घोराही १० | सस्थागत | कक्षा ८ |
| ४ | श्री बाल प्रतिभा इ वो स्कुल घोराही ९ | सस्थागत | कक्षा ६ |
| ५ | ए वि सी एकेडेमी घोराही १५ | सस्थागत | कक्षा ५ |
| ६ | परोपकार इ बो स्कुल घोराही ११ | सस्थागत | कक्षा ७ |
| ७ | राजविद्या पाठशाला घोराही १८ | सस्थागत | कक्षा ७ |
| ८ | सिद्ध एकेडेमी घोराहो १७ | निजि गुठी | कक्षा १ |
| ९ | शुभ सन्देस शिक्षा सदन घोराही १५ | सस्थागत | कक्षा ८ |
| १० | श्री शुभतारा एजुकेशनल एकेडेमी घोराही १० | सस्थागत | कक्षा ५ |
| ११ | आर्वर राइजिङ एकेडेमी प्रा लि घोराही ६ | सस्थागत | कक्षा १० |
| १२ | श्री बहु आयामिक शिक्षा सदन घोराही ६ | सस्थागत | कक्षा ५ |
| १३ | श्री क्यासपियन एकेडेमी स्कुल घोराही ५ | सस्थागत | कक्षा ६ |
| १४ | श्री बाल शिक्षा सदन घोराही १५ | निजि गुठी | कक्षा २ |
| १५ | श्री नव ज्योति विद्यानिकेतन स्कुल घोराही १३ | सस्थागत | कक्षा ८ |
| १६ | श्री इभरग्रीन इ स्कुल घोराही १७ | सस्थागत | कक्षा ५ |
| १७ | ग्रीन टप वोडिङ स्कुल घोराही १२ | सस्थागत | कक्षा ९ |
| १८ | हिमचुली स्कुल घोराही १६ | सार्वजनिक गुठी | कक्षा २ |

विद्यालयको नाम तथा ठेगाना परिवर्तनः

| | **साविक विद्यालयको नाम र ठेगाना** | **विद्यालयको परिवर्तन भएको नाम र ठेगाना** | **कैफियत** |
|---|---|---|---|
| १ | स्किलफुल इ बोडिङ घोराही १२ | सम्यता पाठशाला घोराही उपमहानगरपालिका १५ | |
| २ | श्री बाल प्रतिभा इ वो स्कुल घोराही ९ | श्री बाल प्रतिभा इ. बो. स्कुल घोराही उपमहानगरपालिका १० | |
| ३ | पन्चकुले त्रिनेत्र इ बो स्कुल घोराही १३ | मेरील्याण्ड पब्लिक एकेडेमी घोराही उपमहानगरपालिका १३ | |

**निर्णय नं. १३**

घोराही उपमहानगरपालिकाको नवौं नगरसभाबाट चालु आ.व. २०७८/०७९का लागि स्वीकृत केही योजना तथा कार्यक्रम शीर्षकहरुबाट यस आ.व.मा खर्च नहुने देखिएको र अन्य योजना तथा कार्यक्रमका लागि बजेट अत्यावश्यक भएकोले तपसिल बमोजिमका योजना तथा कार्यक्रम शीर्षकबाट रकमान्तर गर्ने ।

तपसिलः

**घटाउने** रु. हजारमा

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च | स्रोत समूह | बजेटको स्रोत/तह | रकम | कैफियत |
|---|---|---|---|---|---|---|

| | | उपशिर्षक | | | | |
|---|---|---|---|---|---|---|
| १ | अनुगमन, मूल्यांकन खर्च | 22611 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १,३०० | |
| २ | पदाधिकारी सुविधा | 21112 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | ७,००० | |
| ३ | पदाधिकारी अन्य भत्ता | 21149 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५०० | |
| ४ | इन्धन (पदाधिकारी) | 22211 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ४०० | |
| ५ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | 22613 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ९०० | |
| ६ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | 27212 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ८०० | |
| ७ | इन्धन - अन्य प्रयोजन | 22314 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५०० | |
| ८ | महंगी भत्ता | 21132 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | १,००० | |
| ९ | वडा स्तरिय सरकारी तथा निजि विद्यालयका शिक्षकलाई तालिम | 22522 | संघीय सरकार | नेपाल सरकार | २०० | |
| १० | कोभिड १९ व्यवस्थापन | 22522 | संघीय सरकार | नेपाल सरकार | २५० | |
| ११ | खेलकूद विकास कार्यक्रम | 22522 | संघीय सरकार | नेपाल सरकार | ५० | |
| १२ | घोराही तल्सिपुर सडकदेखि उत्तरतर्फ कविला रिसार्टहुँदै सेवार खोला जाने सडक पिच | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ८०० | |
| १३ | घोराही चोकमा घोडाको प्रतिमा निर्माण | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १,५०० | |
| १४ | जग्गा खरिद | 31411 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १२,१७५ | |
| | | | | | २७,३७५ | |

बढाउने

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सवारी साधन | 31121 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १,५०० | |
| २ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | 31171 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५०० | |
| ३ | करार सेवा शुल्क | 22413 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | १,००० | |
| ४ | करार सेवा शुल्क | 22413 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | ७,००० | |
| ५ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | 31113 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १,५०० | |
| ६ | करार सेवा शुल्क | 22413 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ४,००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | भूयाँर थान निर्माण तथा तारजालि | 31159 | संघीय सरकार | नेपाल सरकार | २०० | |
| ८ | पुरानो गाउँदेखि चौतारीहुदै टंक वलिको घरसम्म बाटो ग्राभेल | 31151 | संघीय सरकार | नेपाल सरकार | २५० | |
| ९ | दश बर्ष जनयुद्धमा वेपत्ता परिवारको आवास ट्रस निर्माण | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ३२० | |
| १० | सेलिब्रेसन वुटीक सेन्टर सहयोग | 22522 | संघीय सरकार | नेपाल सरकार | ५० | |
| ११ | स्थानिय बालमैत्रि नगर घोषणा कार्यक्रम | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ४०० | |
| १२ | वडा नं. १५ जनप्रतिभा टोल बाटो ग्राभेल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५० | |
| १३ | वडा नं.१५ अर्मत टो.वि.दिपक श्रेष्ठ र योगेन्द्र रिजालको घर पश्चिमतर्फ अधुरोबाटो निर्माण थप | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५० | |
| १४ | वडा नं. ५ दलजितपुर टोलमा रिङ कुवा निर्माण | 31156 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५० | |
| १५ | वडा नं १२ सर्रा डाँडाँ जिवन चौधरिको घरसम्म बाटो ग्राभेल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५० | |
| १६ | वडा नं. ४ मनैया टोल बाटो मर्मत | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५० | |
| १७ | वडा नं. १० सुर्योदय टोल विकास संस्थाको भित्रका बाटाहरु मर्मत | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५० | |
| १८ | वडा नं.१६ मित्रनगरटोल लक्ष्मी कुवा रिङ देखी पूर्वतर्फको वाटोमा ग्राभेल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १०० | |
| १९ | वडा नं. १० महादेवटोल भित्रका बाटो शुसीला बुढाथोकीको घर देखि उत्तर अम्मर के.सी.को घर सम्म नाला | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५० | |
| २० | वडा नं. १४ सुन्दरनगर टोलमा बाटो ग्राभेल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५० | |
| २१ | वडा नं. ३ मुसोट खोला बाटो निर्माण | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १५० | |
| २२ | वडा नं. ६ लालिगुराँस टोलको बाटोमा नयाँ ट्र्याक निर्माण | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५० | |
| २३ | वडा नं. १५ जनप्रतिभा टोल विकास संस्थाको भवन मर्मत | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | वडा नं. २ पालसे नर्सरी देखी बरपाखा सम्म बाटो विस्तार | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ७५ | |
| २५ | वडा नं. १० दक्षिण अम्राई बाटो ग्राभेल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५० | |
| २६ | वडा नं. १५ मा विभिन्न सडक स्तरउन्नती | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५०० | |
| २७ | वडा नं. ११ श्री ज्ञान ज्योति प्रा.वि.भौतिक पुर्वाधार मर्मत संभार | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | २०० | |
| २८ | वडा नं १२ खच्चरपालन देखि कात्तिके जाने बाटो ग्राभेल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १०० | |
| २९ | वडा नं. १२ माथिल्लो हासिपुर रघौरे कुलामा वाल निर्माण | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १०० | |
| ३० | वडा नं. ३ मुसोट खोलाटोल च्यानतारा बाट कोलतारा हुदै सिमलतारा गाउँ सम्म जोडने बाटो | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १५० | |
| ३१ | वडा नं. १७ जमुना टोलमा B रोड बाटो ग्राभेल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १२० | |
| ३२ | वडा नं. ७ पर्शा टोल पर्सागाउँको पृथिविलाल र जबमु चौधरीको घर अगाडिको कल्भर्ट | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १०० | |
| ३३ | वडा नं. १५ जनकल्याण टोलदेखि सिद्धार्थ बोर्डिङ स्कुलसम्म बाटो स्तरउन्नती | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १५० | |
| ३४ | वडा नं २ ठाँटीखोला जाने बाटोमा चट्टान कटिङ | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५० | |
| ३५ | वडा नं. १२ जलकुन्टी टोलमा फोरलाइन विद्युत विस्तार | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १५० | |
| ३६ | वडा नं. १५ भरतपुर टोल विकास संस्था ज्योतीपुञ्ज स्कूल देखी साई मन्दिर जोडनेबाटो कालोपत्रे | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | २०० | |
| ३७ | वडा नं. १५ शुष्मा रोडदेखी पूर्व तर्फ पर्ने वाटो पुष्पा खनालको घर सम्म बाटो स्तरउन्नती थप | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ३० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३८ | वडा नं. १४ ढोडेनी टो.वि.स. चौधरीगाउको सडकमा दायाबायाँ पक्की नाला | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | २५० | |
| ३९ | वडा नं. ५ दामोदर रोडदेखि दक्षिण पोषण न्यौपानेको घरसम्म बाटो ग्राभेल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १५० | |
| ४० | घोराही १५ चर्चको पूर्वपट्टी लखवारे कुलोमा अधुरो साइड वाल निर्माण | 31154 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५०० | |
| ४१ | वडा नं ६ शिखर टोल नयाँ वस्ति जाने बाटो ग्रयाभल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५० | |
| ४२ | बनखेत सिंचाई कुलो मर्मत | 31155 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १५० | |
| ४३ | वडा नं. २ गौरीडाँडामा बाटो ग्राभेल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५० | |
| ४४ | ठटयौली सुभद्राको घरनेर भमै सोतामा कल्भर्ट निर्माण | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ६०० | |
| ४५ | वडा नं. १५ तारापुञ्ज टोलमा बाटो स्तरउन्नती | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ३५ | |
| ४६ | वडा नं. १४ कपासी नमूना टोल बाटो ग्राभेल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५० | |
| ४७ | वडा नं. १३ सिर्जनशिल टोल विकास संस्था अन्तर्गतको कच्चीबाटो ग्राभेल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ७५ | |
| ४८ | वडा नं. २ चाक्लीघाटमा विद्युत विस्तार | 31153 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | २०० | |
| ४९ | वडा नं. ६ वचाह टोलको बाटो ग्राभेल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १०० | |
| ५० | डाँगीगाउ डुमरिंगे दलित वस्ती टोलमा सिंचाइका लागि पाईप विस्तार तथा भल्व निर्माण | 31155 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ४०० | |
| ५१ | वडा नं. १४ कपासीबगीया क टोल तल्लो झीगौरा कृजलपम्प अगाडी देखी तीलाराम भण्डारीको घर सम्मको बाटो स्तरउन्नती | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १५० | |
| ५२ | वडा नं. १२ श्री प्राथमिक विधालय पेदा खानेपानी धारा जडान | 31156 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ९० | |
| ५३ | वडा नं. २ मैरहवा सिंचाई कुलो मर्मत | 31155 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५४ | नेपाली सेना फायरिङ रेञ्ज घोराही पूर्वाधार निर्माण सहयोग | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५०० | |
| ५५ | वडा नं. २ भट्टेटार गाउमा खिमा भण्डारीको घर नजिक सोतामा वाल र बाटो मर्मत अधुरो | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १०० | |
| ५६ | वडा नं. १० उद्योग बाणिज्य टोल ख लाइनको बाटो ग्राभेल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १०० | |
| ५७ | वडा नं. ५ दामोदर रोडदेखि दक्षिण पोषण न्यौपानेको घरसम्म बाटो ग्राभेल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १५० | |
| ५८ | वडा नं ९ दक्षिण तेघरामा ट्रान्सफर्मर खरिद | 31122 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५०० | |
| ५९ | वडा नं. १७ मयुर टोलमा बाटो ग्राभेल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५० | |
| ६० | वडा नं. १२ अवलडाँडा टोल न्यूराज चौधरीको घर देखी उइनरे खोला सम्म बाटो ग्राभेल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १०० | |
| ६१ | त्रिवेणी टोलमा नाला सहित पिच | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | २०० | |
| ६२ | वडा नं. १२ गढीटाकुरा महिला विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेडको छाना छाउने | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५० | |
| ६३ | वडा नं. १७ विन्ध्यबासीनी टोल विकास संस्था पनौरा डाबर ग लाइनको बाटो स्तोरोन्नती | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५० | |
| ६४ | वडा नं. १० पशुपति टोल गुठीको जग्गा हुँदै बात्श्यायन बोर्डिङ स्कुल जाने बाटो ग्राभेल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १०० | |
| ६५ | वडा नं. ६ जजरागाउँ टोलको भित्रीबाटो ग्राभेल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १०० | |
| ६६ | वडा नं. ५ नमुना टोलमा रिङ कुवा निर्माण | 31156 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५० | |
| ६७ | वडा १५ कपासीटोल क्रीमलाल चौधरीको घर देखी मासु पसल खानेपानी टंकी सम्म बाटो ग्राभेल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६८ | वडा नं. ७ सुक्रवार चौतारीदेखि नविन विसीको घरहुँदै रमेश चौधरीको घरसम्म बाटो ग्राभेल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १५० | |
| ६९ | वडा नं. ६ लालिगुराँस टोलको भित्री बाटो मर्मत | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५० | |
| ७० | वडा नं. १५ गणेश टोलको धरणी सुवेदीको घर देखी सिस्ने पुस्तक पसल सम्म बाटो ग्राभेल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ५० | |
| ७१ | वडा नं. २ रामपुरमा ६० मि. सिंचाई नाला निर्माण | 31155 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ६०० | |
| ७२ | वडा नं. १७ सरस्वती टोल धाइरीखुटी तीतेपानी खोलादेखी सिस्नेखोला जोडने कृषि सडक मर्मत | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १०० | |
| ७३ | वडा नं. ९ भगुवारमा रिङ कुवा निर्माण | 31156 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ८० | |
| ७४ | वडा नं. १० व्यापारिक सटर निर्माण थप | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ३०० | |
| ७५ | वडा नं. १७ जमुना टोल विकास संस्थाको बाटो ग्राभेल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १५० | |
| ७६ | सानी अम्बापुरदेखि घोराही तुलसीपुर सडक जोडने सडक पिच | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | ८०० | |
| ७७ | वडा नं. १२ तल्लो हासिपुर थारुगाउ हासिपुरे कुलामा वाल निर्माण | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १०० | |
| ७८ | वडा नं. १० झारवैरागाउँ परसुनारायण चौधरीको घरदेखि उत्तर डिल्ली चौधरीको जग्गासम्मको २०० मीटर नयाँ बाटोमा ग्राभेल | 31151 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | १०० | |

## निर्णय नं. १४

घोराही उपमहानगरपालिकाका १९ वटै वडा कार्यालयकाहरुमा आसन्न स्थानीय तहको निर्वाचनको सन्दर्भमा वडाका सबै जनप्रतिनिधिहरुबाट राजीनामा दिई वडा कार्यसमिति रिक्त रहेको अवस्थामा अध्यक्षबाट हुने कामकारवाही निर्वाचन पश्चात अर्को जनप्रतिनिधि नआएसम्म वडा सचिवबाट गर्ने ।